बैठक नं. २/(२०८०-२०८१)/

आज मिति २०८१ साल असोज १५ गते भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्ती ज्युको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक वसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति**

| क्र स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | |
| २ | श्री सिता जैसी | नगर उप प्रमुख | |
| ३ | श्री दिपक राना | वडा अध्यक्ष वडा नं - १ | |
| ४ | श्री भीम बहादुर कार्की | वडा अध्यक्ष वडा नं - २ | |
| ५ | श्री लिला बहादुर शाह | वडा अध्यक्ष वडा नं - ३ | |
| ६ | श्री बसन्त प्रसाद शर्मा | वडा अध्यक्ष वडा नं - ४ | |
| ७ | श्री लाल बहादुर चन्द | वडा अध्यक्ष वडा नं - ५ | |
| ८ | श्री शशिराम बुढा | वडा अध्यक्ष वडा नं - ६ | |
| ९ | श्री दिप बहादुर शाही | वडा अध्यक्ष वडा नं - ७ | |
| १० | श्री वीर बहादुर चन्द | वडा अध्यक्ष वडा नं - ८ | |
| ११ | श्री हिरा प्रसाद शर्मा | वडा अध्यक्ष वडा नं - ९ | |
| १२ | श्री दल बहादुर राना | वडा अध्यक्ष वडा नं – १० | |
| १३ | श्री लक्ष्मी प्रसाद जैसी | वडा अध्यक्ष वडा नं – ११ | |
| १४ | श्री भक्त बहादुर मल्ल | वडा अध्यक्ष वडा नं – १२ | |
| १५ | श्री यज्ञ बहादुर बटाला | वडा अध्यक्ष वडा नं – १३ | |
| १६ | श्री लिला देवी गौतम वि.क | कार्यपालिका सदस्य | |
| १७ | श्री मोती नेपाली | कार्यपालिका सदस्य | |
| १८ | श्री सृजना घर्ती | कार्यपालिका सदस्य | |
| १९ | श्री भिम कुमारी पुन | कार्यपालिका सदस्य | |
| २० | श्री काली खत्री | कार्यपालिका सदस्य | |
| २१ | श्री मनिराम दमाई | कार्यपालिका सदस्य | |
| २२ | श्री गोपाल लोहार | कार्यपालिका सदस्य | |
| २३ | श्री डोटे नेपाली बादी | कार्यपालिका सदस्य | |
| २४ | श्री दल बहादुर घर्ती | नि. प्रमुख प्रशासकीय अधिकृत | |
| | | आमन्त्रित | |
| २५ | प्रकाश कुमार शाही | कानुन अधिकृत | |
| २६ | अनिश शाह | अधिकृत | |
| २७ | सुधा हमाल | अधिकृत | |
| २८ | प्रकाश बटाला | अधिकृत | |
| २९ | सुर्य प्रसाद लम्साल | सूचना अधिकृत | |
| ३०. | राम कुमार शाही | वडा सचिव - ९ | |
| ३१ | यज्ञनाथ गौतम | विपद फोकल पर्सन | |
| ३२ | रमेश [illegible] | [illegible] | |
| ३३ | दिप बहादुर [illegible] | [illegible] | |

निर्णयहरुः

१. नगरपालिका तथा नगरसभाका सदस्यहरु, राष्ट्र सेवक कर्मचारीहरु, स्वदेश तथा विदेशमा रहनु हुने नगरवासि एवं समस्त नेपालीहरुमा हिन्दुहरुको महान् चाड बडा दशैं तथा दिपावली २०८१ को अवसरमा सु स्वास्थ्य, दिर्घायु एवं उत्तरोत्तर प्रगतिको शुभकामना आदान प्रदान गरियो ।

२. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत चालु आ. व. २०८१।८२ मा संचालन हुने योजनाहरु छनौट गरी सबै वडाले यस कार्यपालिका बैठकमा पेश गर्ने निर्णय अनुसार तपसिलका वडाहरुबाट सिफारिस भई आएका निम्न योजनाहरु संचालनका लागि स्वीकृत गर्ने र छनौट गरी पठाउन बाँकी रहेका वडाहरुबाट यथाशिघ्र छनौट एवं सिफारिस गरि पठाउन पुनः जानकारी गराउने ।

तपसिलः

| वडा नं. | क्र.स. | योजनाको नाम | प्रस्तावित रकम रु |
|---|---|---|---|
| २ | १ | थाम देखि पातलकटेरी जोड्ने गोरेटो बाटो निर्माण | २००००० |
| | २ | दारेगौरा देखि आखेनी जोड्ने गोरेटो बाटो निर्माण | ३२०००० |
| ८ | ३ | साँधेखोला देखि छलिमाखेत सम्मको गोरेटो बाटो निर्माण | २००००० |
| | ४ | सम्झना सामुदायिक संस्था भवन निर्माण | ५००००० |
| ९ | ५ | मष्टा मन्दिर निर्माण पौरी | ३००००० |
| | ६ | श्री शिवशक्ति आधारभुत विद्यालय घेराबार र गेट निर्माण | २००००० |
| १० | ७ | स्याउली हाल्ने देखि फेराबजार सम्म घोरेटो बाटो निर्माण | ३४०००० |
| | ८ | बाउरेखोला देखि भुराल घर र दलित बस्तिसम्म घोरेटो बाटो निर्माण | १६०००० |

३. नेपाल सरकार तथा फिनल्याण्ड सरकारको सहयोगमा संचालित **सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजना** (SUSWA- PROJECT) मा यस चालु आ. व. कालागि यस नगरपालिकालाई रु ३ करोड ८२ हजार वजेट तथा अख्तियारी प्राप्त भएको र सोको लागि नगरपालिकाको तर्फबाट व्यहोर्नु पर्ने समपुरक वापत २२ प्रतिशतले हुन आउने रु ८४ लाख ८४ हजार ६ शय ६७ रुपैयाँ नगरपालिकाको चालु आ.व. २०८१।८२ को स्वीकृत कार्यक्रमको भुक्तानी बाँकी र अधुरा योजना शिर्षकमा बिनियोजित वजेट शिर्षकबाट रकमान्तर गरि, उल्लेखित आयोजना कार्यान्वयन प्रक्रिया अगाडी बढाउने ।

४. हाल भईरहेको अत्यधिक बर्षाको कारण यस नगरपालिकाभित्र क्षति भई नागरिक आवागमन तथा यातायात अवरुध्द भएका तपसिलमा उल्लेखित ग्रामिण सडकहरुको लागत अनुमान तयार गरी यस चालु आ. व. २०८१।८२ को स्वीकृत वार्षिक कार्यक्रमको सडक तथा पूँजीगत मर्मत सुधार शिर्षकमा बिनियोजित बजेटबाट मर्मत गर्ने ।

CS CamScanner

| | | | |
|---|---|---|---|
| ३ | २ | गारराइसी देखि नाउली | |
| ४ | | दोबाटो देखि फारुला हुदै तिलिङ्गे | |
| ५ | | तातापानी देखि पुरानो रिसाङ्ग | |
| ६ | | राङ्सी देखि तिमिले | |
| ७ | ३ | काब्राको रुख देखि पावर हाउस सम्मको सडक | |
| ८. | | कालेगाँउ पिपल बोट देखि कोट खोला सम्मको सडक | |
| ९ | ४ | बोहरा देखि पासागाड | |
| १० | | भेलाले ईउरी धल्ला सडक | |
| ११ | | बोहरा ईबर गंगाटिया देखि प्राथमिक स्वास्थ्य संस्था सम्मको सडक | |
| १२ | | जिरो पोईन्ट देखि मसान घाट | |
| १३ | ५ | पासागार देखि काफलचौर स्याउली सम्म | |
| १४ | | मटेला देखि बाखोर स्यालापानी देवल मध्येपहाडी सडक सम्म | |
| १५ | | रम्तेल चौतारी देखि चोत्री विसाउन सम्म | |
| १६ | ६ | रानागाउ नेटीबजार काफलचौर सडक | |
| १७ | | नेटीबजार मछाईना सडक | |
| १८ | | नेटीबजार आरिडाबा साहुपाखा सडक | |
| १९ | ७ | स्याउली सरस्वती मा वि हुदै मेल टाकुरी | |
| २० | | डिला चौर देखि दह हुदै मिथ्याङ्ग्र रुपाकोट | |
| २१ | | रुपाकोटबाट मिथ्याङ्ग्र पुन्मा वडा कार्यालयसम्म | |
| २२ | | मेलटाकुरी देखि डौरी खोला | |
| २३ | | बाखोर देखी किमेरी दारिस सम्म | |
| २४ | | दोकान देखी प्रा वि सम्म | |
| २५ | ८ | मध्ये पहाडी झाल हाल्न देखि काफलचौर सडक | |
| २६ | | बुरुङ्गे देखि सालटाकुरा सडक | |
| २७ | | मध्ये पहाडी भला काल्न देखि नुवागाउँसम्म | |
| २८ | ९ | बरमाई खम्बा देखि भुर स्वास्थ्य चौकीसम्म सडक | |
| २९ | | जुम्ले काफल देखि जैसीका मदाने सिमलखाली सडक | |
| ३० | १० | फेरा देखि वडा कार्यालय सडक | |
| ३१ | | वडा कार्यालय देखि घोरनेटा सडक | |
| ३२ | | नुवागाउँ देखि गिमा सम्म सडक | |
| ३३ | | स्वास्थ्यचौकी कालाभुर सडक | |
| ३४ | ११ | फेरा वडा कार्यालय देखि ठुला खोलासम्म सडक | |
| ३५ | | चिसिमुल गहत्यारी महतारागाउँ सडक | |
| ३६ | | काटिया स्याँला चाउकापानी सडक | |
| ३७ | | उम्रा कार्कीगाउँ महतारागाउँ बिबिरेचौर सडक | |
| ३८ | १२ | बारेला बेलगार देखि वडा कार्यालयसम्म सडक | |
| ३९ | | काँसतरा देखि भारतीगाउँ भनारीगाउँ सडक | |
| ४० | | बाघखोर चायपाटा धाईरा रातापोखरा विष्नेचौर सडक | |
| ४१ | | सालचौर भनारीगाउँ भारतीगाउँ पाती हाल्न सडक | |
| ४२ | १३ | स्वास्थ्यचौकी पिपलबोट रिङरोड वडा कार्यालय हुँदै छिन्चु जाजरकोट | |
| ४३ | | पालतीहाल्न स्याँला सडक | |

५. आधारभुत स्वास्थ्य चौकी वडा नं. ८ को भवनमा निर्माणका लागि टेण्डर गरिएकोमा निर्माण व्यवसायिले सम्झौता बमोजिमको कार्य सम्पन्न नगरी झ्याल ढोकामा पल्ला राखे लगायत रंगरोगन तथा बिधुत वायरिङको काम बाँकी छोडेको र उक्त भवनबाट तत्काल सेवा सुचारु गर्न समस्या परेकोले अमानतबाट उक्त बाँकी काम सम्पन्न गराईएकोमा गत आ. व. २०८०।८१ मा मुल्याङ्कन बमोजिमको भुक्तानी बाँकी रकम रु. १ लाख ८७ हजार रुपैयाँ यस चालु आ. व. २०८१।८२ को भुक्तानी बाँकी र अधुरा योजनाहरु शिर्षकमा विनियोजित शिर्षकबाट भुक्तानी दिने ।

६. वडा दशैंको अवसरमा परापूर्व काल देखि चल्दै आएको मौलो पुजा तथा कार्यालयमा हुने राष्ट्रिय झण्डा पुजा लगायतका कार्य संचालन गर्न तपसिलमा उल्लेखित नियकायहरुलाई निम्न बमोजिमको रकम यस चालु आ.व. २०८१।८२ को गत बर्षको अल्या रकमबाट बिनियोजित बिभिन्न खेलकुद महोत्सव, राष्ट्रिय महत्वका पर्व तथा विभिन्न साँस्कृतिक पर्वहरुको भुक्तानी शिर्षकमा बिनियोजित रु ७ लाख बजेटबाट भुक्तानी लेखे ।

| क सं | बिवरण | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | झण्डा तथा मौलो पुजा, जिल्ला प्रशासन कार्यालय जाजरकोट | ३५००० | |
| २ | झण्डा पुजा, नगरपालिकाको कार्यालय खलंगा जाजरकोट | ७०००० | |
| ३ | झण्डा पुजा, जिल्ला प्रहरी कार्यालय जाजरकोट | २५००० | |
| ४ | झण्डा पुजा, ट्राफिक जिल्लाप्रहरी कार्यालय जाजरकोट | १०००० | |
| ५ | झण्डा पुजा, कारगार कार्यालय जाजरकोट | २५००० | |
| ६ | कालिका मन्दिर पुजा वडा नं ४ | १०००० | |
| ७ | मौलो पुजा वडा नं ७ पुन्मा | २८००० | |
| | जम्मा रु | २०३००० | |

७. त्रिभुवन उच्च मा. वि. खलंगा जाजरकोटको गत आ.व. २०८०।८१ मा निर्माण सम्पन्न भएको फिडर छात्रावास भवनको भुक्तानी हुनुपर्ने रकम रु. ३४,१६,७५४।- रुपैयाँ नगरपालिका अनुदानबाट भुक्तानी भईसकेको र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरवार काठमाण्डौंबाट यस चालु आ.व. २०८१।८२ मा समेत सोही शिर्षकमा रु. ३४,१६,७५४।- पुन स्वीकृत भई आएकोले उक्त रकम नमूना विद्यालय विकास कार्यक्रम अन्तर्गत सोही छात्रवास भवनमा थप तला निर्माण गर्ने शिर्षकमा संशोधनका लागि विद्यालय व्यवस्थापन समितिबाट सिफारिस सहित अनुरोध भई आएकोले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरवार काठमाण्डौंमा अनुरोध गर्ने।

८. भेरी नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८० को बुंदा नं. २०.१ को (घ) अनुसार आन्तरिक नियन्त्रण प्रणाली अनुगमन समितिको सदस्यमा महिला सदस्यमध्येबाट कार्यपालिका सदस्य सिर्जना घर्ती र भक्त बहादुर मल्ललाई मनोनित गर्ने ।

९. चालु आ. व. मा यस नगरपालिकामा शहरी विकास मन्त्रालय शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत वस्ती विकास कार्यक्रमबाट संघीय आयोजना कार्यान्वयन ईकाई सुर्खेतबाट कार्यान्वयन हुने गरी स्वीकृत भएका तपसिलमा उल्लेखित योजनाहरुको शिघ्र कार्यान्वयनका लागि सम्बन्धित वडालाई जानकारी गराईयो ।

क. शिवशंकर मावि जगतिपुरको घेरावार र फिल्ड निर्माण वडा नं. ११

ख. रंगशाला निर्माण वडा नं. १ कालेगाउँ

ग. आँखा अस्पताल तथा ब्लड बैंक भवन निर्माण वडा नं. ३

१०. गत कार्तिक महिनाको भुकम्पका कारण प्रभावित भई अस्थायी आवास निर्माणका लागि पहिलो किस्ता भुक्तानी लिएका र दोश्रो किस्ता भुक्तानीका लागि कार्यविधि बमोजिम कागजातहरु पेश गर्न सबै वडाहरुलाई ताकेता गर्ने

CamScanner

र कागजात पेश गरेका लाभग्राहीहरुको दोस्रो किस्ता वापतको रकम यथाशिघ्र भुक्तानी गर्न कार्यालयलाई निर्देशन गर्ने ।

११. गत कार्तिक १७ गते गएको भुकम्पका कारण क्षतिग्रस्त तपसिलमा उल्लेखित बिद्यालयहरु पुनर्निर्माणका लागि ३ नं वडा कार्यालयबाट सिफारिस गरीपाउँ भनी अनुरोध भई आएकोले माग बमोजिम पूर्वाधार विकास कार्यालय जाजरकोटमा अनुरोध गर्ने ।

क. नरज्योति प्रा. वि. भेरी नगरपालिका वडा नं. ३ कल्याणपुर जाजरकोट ।

ख. विजय प्रा. वि. स्याँला भेरी नगरपालिका वडा नं. ३ जाजरकोट ।

ग. हनुमान प्रा. वि. थाप्ले भेरी नगरपालिका वडा नं. ३ जाजरकोट ।

१२. यस नगरपालिकाको वडा नं २ स्थायी निवासि श्री ओम बहादुर वलीको छोरी श्री मनिषा वलीले बहुप्राविधिक शिक्षालय काफलचौरमा सव ईन्जियर अध्ययनका लागि नाम निकालेको र आर्थिक विपन्नताका कारण भर्ना हुन नसकेकोले उक्त शिक्षालयमा लाग्ने शुल्क रु ९० हजार छात्रबृत्ति सहयोग उपलब्ध गराईपाउँ भनी वडा कार्यालयको सिफारिस सहित निवेदन पेश गरेकोमा निज नगरस्तरीय बाल संजालको उपाध्यक्ष समेत रहेको र निजको आर्थिक अवस्था कमजोर देखिएकोले माग बमोजिमको शुल्क वापतको रु ९० हजार छात्रवृत्ति चालु आ. व. को स्वीकृत चालुखर्चतर्फ कार्यक्रम खर्च वजेट शिर्षकबाट उपलब्ध गराउने ।

१३. यस नगरपालिकाको राजश्व शाखा प्रमुख अधिकृत छैटौं प्रकाश बटालाले मिति २०८१।२।२९ गतेका दिन दिउँसो ३ बजेतिर कार्यालयको काम काजमा जाने क्रममा वडा नं. ४ को पासागाड खोलानिर मोटरसाईकल दुर्घटनामा परी हात र खुट्टा फ्याक्चर भई लामो समय उपचार गराउनु परेको र उपचार खर्च धान्न समस्या परेकोले उपचार खर्च सहयोग उपलब्ध गराईपाउँ भनी उपचार गर्दा खर्च भएको रु ४ लाख बरावरको बिल भरपाई सहित निवेदन पेश गरेकोमा निज कार्यालयको कामकै सिलसिलामा दुर्घटनामा परेको हुँदा राहत स्वरुप रु १ लाख रुपैयाँ विपद व्यवस्थापन कोषबाट उपचार खर्च सहयोग उपलब्ध गराउने ।

१४. मिति २०८१।६।२ गतेका दिन राजश्व परामर्श समितिको बैठकबाट भएका सबै निर्णयहरु अनुमोदन गर्ने ।

१५. यस नगरपालिकाको नगर सभाका सदस्य श्री हरिश कुमार कार्कीका जेष्ठ सुपुत्र असिम कार्कीको यही २०८१ भाद्र २८ गतेका दिन असामयिक निधन भएकोले निजको पुत्रशोकको यस दुखद घडीमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवार तथा आफन्तजनहरु सबै प्रति गहिरो समवेदना ब्यक्त गर्ने शोक प्रस्ताव पारित गर्ने ।

CamScanner